# कर बुलेटिन

*Tax Bulletin*

http://www.ird.gov.np

वर्ष ८, अङ्क २, २०७७ कार्तिक-फागुन Year 8, Issue 2, October-March, 2021


## राजस्व संकलनमा ९९.१३ प्रतिशत प्रगति

आर्थिक वर्ष २०७७/०७८ को लागि यस विभागलाई रु.४ खर्ब ५० अर्ब ३४ करोडको लक्ष्य प्राप्त भएको छ। उक्त लक्ष्य मध्ये श्रावण देखि फाल्गुनसम्म रु.२ खर्ब ५५ अर्ब ८० करोडको लक्ष्य रहेकोमा रु.२ खर्ब ५३ अर्ब ५६ करोड संकलन भई लक्ष्यको तुलनामा ९९.१३ प्रतिशत संकलन भएको छ। यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलन रु.२ खर्ब ५७ अर्व १३ करोडको तुलनामा रु.३ अर्व ५७ करोड अर्थात १.१९ प्रतिशतले घटी हो।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.१ खर्ब २८ अर्ब १६ करोड लक्ष्य रहेकोमा रु.१ खर्ब २५ अर्ब ५३ करोड संकलन भई लक्ष्यको तुलनामा ९८ प्रतिशत

बाँकी ६ पृष्ठ मा .....

## नवौं राष्ट्रिय कर दिवस




मूल्य अभिबृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने अभिप्रायले मूल्य अभिबृद्धि कर लागू भएको मिति २०५४ मंसिर १ गतेलाई स्मरण गर्दै हरेक वर्ष राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाउँदै आइएको छ। “स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः विकास, समृद्धि र सुशासन” भन्ने मूल नाराका साथ मनाइएको नवौं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व विभागले मंसिर १ गते देखि ७ गतेसम्म सप्ताहव्यापी कार्यक्रमहरू आयोजना गरेको थियो। मंसिर १ गते श्रीमान् महानिर्देशकबाट सम्पूर्ण करदाताहरूमा सुख, शान्ति, समृद्धि र प्रगतिको शुभकामना व्यक्त गर्नु भएको थियो। यसरी नै मंसिर ४ गते गोरखापत्र राष्ट्रिय दैनिकमा करसँग सम्बन्धित विविध विषयहरू समेटिएको कर विशेषांक प्रकाशन गरिएको थियो।

मंसिर ७ गते आन्तरिक राजस्व विभागको सभाहलमा अर्थ मन्त्रालयका सचिव (राजस्व) राम शरण पुडासैनी, महालेखा नियन्त्रक मधुकुमार मरासिनी, राजस्व

बाँकी ५ र ६ पृष्ठ मा .....

### यसभित्र ...


आन्तरिक राजस्व विभाग डिजिटल गभर्नेन्स आईसिटी अवार्ड २०२० बाट सम्मानित ३

विभागको कार्य सम्पादनको मध्यावधि समीक्षा ७

आन्तरिक राजस्व कार्यालय जोरपाटीको उद्घाटन ११

# महानिर्देशकको सन्देश



**बिभागको वार्षिक र मासिक लक्ष्य बमोजिम राजस्व परिचालन गर्न, कराधार विस्तार गर्न र गुणस्तरीय करदाता सेवा तथा कर कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरूको कर सहभागिता अभिबृद्धि गर्ने कार्यलाई अझ व्यापक र सघन बनाउन मिति २०७७/११/१४ मा नै मातहत कार्यालयहरूलाई आवश्यक निर्देशन जारी गरिसकेको छु। सो निर्देशन लाई कार्यान्वयन गरी लक्ष्य हासिल गर्न म पुनः स्मरण गराउन चाहन्छु।**

यस विभागले आर्थिक वर्ष ०७७/०७८ को फाल्गुन महिना सम्ममा कूल २५३ अर्ब ५६ करोड राजस्व संकलन गरेको छ। यो असुली चालु वर्षको यस अवधि सम्मको लक्ष्यको करिव ९९.१३ प्रतिशत रहेको छ। यस विषम परिस्थितिमा पनि करदाताहरूले कर विवरण वुझाउने तथा कर दाखिला गर्ने कार्यमा उत्साहजनक सहभागिता देखाई देशको राजस्व परिचालनमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै म आम करदाताहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तब्यमा समाबेश राजस्व नीति र तदअनुसार निर्धारण गरिएको रु. ४५० अर्ब ३४ करोड राजस्व असुली गर्नु बिभाग र मातहत सबै कार्यालयहरूको सामुहिक लक्ष्य हो। २०७७ फाल्गुन महिनासम्मको राजस्व असुली लक्ष्यको नजिक पुगेको तर लक्ष्य अनुसार हुन सकेको छैन। तसर्थ लक्ष्य अनुसार राजस्व असुली गर्न कर परिवारका हामी सबै कर्मचारीहरू सामुहिकरुपले प्रतिबद्ध भई उच्च मनोवलका साथ कार्यक्षेत्रमा आ-आफ्नो जिम्मेवारी पुरा गर्नुपर्नेछ।

बिभागको वार्षिक र मासिक लक्ष्य बमोजिम राजस्व परिचालन गर्न, कराधार विस्तार गर्न र गुणस्तरीय करदाता सेवा तथा कर कानूनहरूको प्रभावकारी कार्यान्वयन मार्फत करदाताहरूको कर सहभागिता अभिबृद्धि गर्ने कार्यलाई अझ व्यापक र सघन बनाउन मिति २०७७/११/१४ मानै मातहत कार्यालयहरूलाईआवश्यक निर्देशन जारी गरिसकेको छु। सो निर्देशनलाई कार्यान्वयन गरी लक्ष्य हासिल गर्न म पुनः स्मरण गराउन चाहन्छु।

राजस्व परिचालनमा अझ प्रभावकारिता ल्याउन र कर प्रणालीलाई आधुनिक र उन्नत बनाउनका लागि आगामी राजस्व नीति, कर सम्बन्धी कानून, राजस्व प्रणाली तथा प्रक्रियामा समसामयिक सुधार गर्न प्राप्त सुझावबहरूलाई समाबेश गरी ईमान्दारीका साथ सुधार प्रयासमा लाग्न सवैलाई आग्रह गर्दछु।

आगामी दिनमा आन्तरिक राजस्वको योगदान बढाउनको लागि कर प्रणाली लाई सवल र प्रभावकारी बनाउन करको दायरा विस्तार, करदाता शिक्षा र सचेतना कार्यक्रम, सूचना र जोखिम सूचकमा आधारित गुणस्तरीय करपरीक्षण र प्रभावकारी अनुसन्धान मार्फत स्वच्छ र पारदर्शी कर प्रणालीको विकास गर्न सूचना प्रबिधिको विकासलाई केन्द्रमा राख्दै करदाताको कर सहभागिता लागत र समय घटाउने र करप्रशासनको कर संकलन लागत घटाउन उत्कृष्ट सेवा प्रवाह प्रणाली विकास गर्ने तर्फ मेरो ध्यान केन्द्रित रहने छ। कोभिड १९ को प्रभाव न्यूनीकरणसँगै अर्थतन्त्र चलायमान भएको छ। यस समयमा कर प्रशासनको वजारमा उपस्थिति अपरिहार्य रहेको सन्दर्भमा नियमित वजार अनुगमन, अवैध मदिरा नियन्त्रण र स्टिकरको समेत अनुगमन गरी सो को नियमित प्रतिवेदन गर्ने व्यबस्था मिलाउनु होला।

अन्त्यमा, बिद्यमान जनशक्तिको महत्तम र प्रभावकारी रुपमा परिचालन गरी कार्यालयलाई वार्षिक रुपमा तोकिएको राजस्व असुली, कार्यमूलक परिसूचकको लक्ष्य प्राप्त गर्न तथा प्रविधिमैत्री सेवा प्रवाह गर्न कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरूले स्वीकृत आचारसंहिताको अक्षरशः परिपालना गर्दै सदाचार, उच्च मनोवल, कार्यकुशलता, पारदर्शिता एवं जवाफदेहिताका साथ कार्यसम्पादन गर्न आग्रह गर्दछु।

**झक्कप्रसाद आचार्य**
**महानिर्देशक**
२०७७ चैत्र

# आन्तरिक राजस्व विभाग डिजिटल गभर्नेन्स आईसिटी अवार्ड २०२० बाट सम्मानित




आईसिटी अवार्डको पाँचौं संस्करण विभिन्न ११ विधा र जुरी मेन्सनसहित १२ विधामा अवार्ड प्रदान गरी सम्पन्न भएको कार्यक्रममा डिजिटल गभर्नेन्स आईसिटी अवार्ड २०२० बाट आन्तरिक राजस्व विभाग सम्मानित भएको छ। कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले डिजिटल गभर्नेन्स आईसिटी अवार्ड २०२० आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक विनोद बहादुर कुँवरलाई प्रदान गर्नु भएको थियो। लिभिङ विथ आईसीटी नामक संस्थाको आयोजनामा संचालित डिजिटल गभर्नेन्स आईसिटी अवार्ड २०२० का लागि दुई दर्जनभन्दा बढी सरकारी निकायहरू मनोनयन भएका थिए। गत पौष ११ गते आयोजित ग्राण्ड फिनाले कार्यक्रममा यस विधामा आन्तरिक राजस्व विभागसँगै अध्यागमन विभाग र नेपाल स्टक एक्स्चेन्ज लिमिटेड अन्तिम प्रतिस्पर्धीको रुपमा रहेका थिए।

आयोजकबाट प्राप्त जानकारी अनुसार सूचना प्रविधि पूर्वाधार, प्रवाहित सेवाको पहुँच, सूचना प्रविधि प्रणालीको सरलता, हालैका दिनमा गरिएका सुधारका कार्य, कोभिड-१९ को असहज अवस्थामा सेवाग्राहीलाई सहजीकरण गर्न गरिएका कार्यहरू, सूचना प्रविधिमैत्री सेवा प्रवाहमा नेतृत्वको प्रतिवद्धता लगायतका पक्षको मूल्यांकन गरी उत्कृष्ट निकाय छनौट गरिएको थियो। अवार्ड छनौटको लागि १४ जना जुरी र १४ जना जुरी सल्लाहकार सम्मिलित समूह गठन गरिएको थियो। सम्बन्धित व्यक्ति तथा निकायहरूबाट प्राप्त भएका निवेदन तथा जुरी सदस्यबाट छनौट योग्य भनी थप गरिएका समेतलाई छनौट प्रकृयामा समावेश गरिएको थियो। प्रतिस्पर्धी छनौट कार्यका लागि २५ पटक भन्दा बढी जुरी बैठक बसेको थियो। अधिकांश छनौट प्रक्रिया र बैठकहरू सूचना प्रविधिको अधिकतम प्रयोग गरी भर्चुअल रुपमा सम्पन्न गरिएका थिए। छनौट कार्यका सिलसिलामा विभाग र मातहतका कार्यालयको भौतिक रुपमा अनुगमन गरी अन्तरवार्ता समेत लिइएको थियो।

आफ्नो छुट्टै डाटा सेन्टर तथा डिजाष्टर रिकभरी सेन्टर रहेको, दुई दशकअघिदेखि सूचना प्रविधि प्रयोग गरी सेवा प्रवाह गर्दै आएको, पैंतीस लाखभन्दा बढी करदाता प्रत्यक्ष सेवाग्राही रहेको, अधिकांश सेवा प्रवाह सूचना प्रविधि प्रणालीमार्फत हुने गरेको, कोभिड-१९ को प्रभावका बीच पनि अनलाइन सेवालाई व्यापक रुपमा विस्तार गर्न सकेको हुँदा विभागले

डिजिटल गभर्नेन्स आईसीटी अवार्ड, २०२० (Digital Governance ICT Award 2020) प्राप्त गर्न सफल भएको हो।

कोभिड-१९ को संक्रमणको कारण विद्यमान प्रतिकूलताका बीच यस वर्ष विभागले वेबसाइट पुन:संरचना गरी प्रयोगमा ल्याएको, अनलाइनबाटै व्यक्तिगत स्थायी लेखा नम्बर पाउन सक्ने व्यवस्था गरेको, साना करदाताले बैंकबाटै आय विवरण र कर समेत जम्मा गर्नसक्ने व्यवस्था लागु गरेको, SMS सेवा सहित ओटिपी (One Time Password) प्रयोगमा ल्याएको, करदाताले आफ्नो Login र User आफैं बनाउन सक्ने गरी एकीकृत कर प्रणालीमा परिमार्जन गरेको हुँदा करदाताले कर कार्यालयसम्म जानु नपर्ने अवस्था सिर्जना भएको छ। ईपेमेन्ट (e–Payment) लगायत IRD Nepal मोबाइल एपमा समेत थप गरिएका सुविधाहरूले करदातालाई घरैबाट कर दायित्व पुरा गर्न अझ सहज भएको छ।

लिभिङ विथ आईसिटी संस्थाले २०१६ बाट सुरु गरेको अवार्ड कार्यक्रममा २०१८ देखि सूचना प्रविधिको प्रयोग गरी सेवा प्रवाह गर्ने सरकारी निकायहरू सहभागी गराउने गरी डिजिटल गभर्नेन्स विधा समावेश गरिएको हो। यस अघि यो अवार्ड २०१८ मा नेपाल प्रहरी तथा २०१९ मा लोकसेवा आयोगलाई प्रदान गरिएको थियो।

अवार्ड कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सूचना प्रविधिको वृहत्तर प्रयोग गरी डिजिटल नेपालको लक्ष्य हासिल गर्न सबैले सहयोग गर्नु पर्ने बताउनु भयो। उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरि बस्याल, पूर्व विज्ञान प्रविधि मन्त्री गणेश शाह, योजना आयोगका सदस्य रामकुमार फुँयाल लगायतका विशिष्ट व्यक्तिहरूले सूचना प्रविधिको प्रयोग र यसको आवश्यकताका सम्बन्धमा प्रकाश पार्नुभएको थियो। अवार्ड प्राप्तिसंगै विभागका महानिर्देशकले आफ्नो छोटो मन्तव्यमा प्राप्त अवार्डको लागि विभागको स्थापनाकालदेखि नेतृत्वमा रहेका व्यक्तिहरूका साथै सूचना प्रविधि प्रणाली व्यवस्थापन तथा प्रयोग गर्ने सम्पूर्ण कर्मचारी र करदाता समेतको योगदान रहेको स्मरण गर्दै सबैलाई धन्यवाद दिनु भयो। यस अवार्डले थप जिम्मेवारी बोध गराएको बताउँदै उहाँले विभागका सेवाहरूलाई अझ करदातामैत्री बनाउन विभागको तर्फबाट प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

# प्रथम चौमासिक प्रगति समीक्षा बैठक सम्पन्न



चालू आ. व. २०७७/७८ को बजेट बक्तब्यमा उल्लेखित राजस्व नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न तयार गरेको कार्ययोजना, श्रीमान सचिव (राजस्व) र विभागका महानिर्देशक वीच भएको कार्यसम्पादन सम्झौता र महानिर्देशक र उपमहानिर्देशक, निर्देशक र कार्यालय प्रमुख वीच भएको कार्यसम्पादन सम्झौता तथा विभागको बार्षिक कार्ययोजना अनुरूपको २०७७ श्रवाण देखि २०७७ कार्तिक सम्म अर्थात चालू आ.व. २०७७/७८ को प्रथम चौमासिक अवधिको समीक्षा बैठक २०७७ मंसिर १२ र १३ गते भर्चुअल माध्यमबाट सम्पन्न गरियो।

कार्यक्रममा संवेदनशील क्षेत्र (Critical Areas) का सम्वन्धमा विभागका उप महानिर्देशक मुक्तिप्रसाद पाण्डेले प्रस्तुतीकरण गर्नुभएको थियो। यसरी नै विभागको प्रथम चौमासिक अवधिको समग्र प्रगति विवरणको प्रस्तुती अनुगमन तथा मूल्याङ्कन शाखाका निर्देशक दुर्गादत्त भण्डारीले गर्नुभएको थियो।

दुई दिने समीक्षा कार्यक्रममा ठूला करदाता कार्यालय, मध्यस्तरीय करदाता कार्यालय लगायत सवै आन्तरिक राजस्व कार्यालयहरूबाट कार्यालयको प्रथम चौमासिक अवधिको प्रगति प्रस्तुत गर्दै कार्यालयका समस्याहरू समेत उठान भएका थिए। कार्यक्रमको अन्त्यमा, महानिर्देशक बिनोद बहादुर कुँवरले प्रथम चौमासिक अवधिमा प्राप्त उपलब्धिका लागि सवैमा धन्यबाद व्यक्त गर्दै बैठकमा उठेका विषयहरूलाई विभागले लिखित रुपमा सम्वोधन गर्ने जानकारी दिदै कार्यक्रमको समापन गर्नुभयो।

# महानिर्देशकको बिदाई कार्यक्रम



२०७६/०५/१६ देखि मिति २०७७/१०/०४ सम्म आन्तरिक राजस्व विभागमा महानिर्देशकको रुपमा नेतृत्व गर्नुभएका विभागका महानिर्देशक बिनोद बहादुर कुँवरको मिति २०७७/१०/०४ गते विभागको सभाहलमा विदाई कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृतहरू समेत भर्चुअल माध्यमबाट जोडिनुभएको थियो। मन्तव्यको क्रममा महानिर्देशक कुंवरले आफ्नो १५ महिनाको वसाई धेरै उपलब्धिमुलक रहेको र जनशक्तिको कमी र कोभिड-१९ को प्रभावका वावजुद पनि आ. व. ०७६/०७७ मा ७ प्रतिशतको राजस्व वृद्धि हासिल गर्न सकिएको कुरा व्यक्त गर्नुभयो। आफ्नो कार्यअवधिमा जनशक्ति व्यबस्थापनको विषय निकै नै पेचिलो रहेको र नयाँ संगठनात्मक संरचना अनुसार दरवन्दी रिक्त रहेको अवस्थामा जनशक्ति व्यबस्थापन लाई चलाखीपूर्ण तरिकाले व्यबस्थापन गर्नुपर्ने विषयलाई जोड दिनुभयो। कर प्रशासनले Right Taxation मा जोड दिदै विभागको छवि उचो वनाउने तर्फ लाग्नु पर्ने विषय व्यक्त गर्दै आफ्नो वसाई अवधिभर प्राप्त भएको माया, सद्भाव र सहयोगका लागि सम्पूर्ण कर परिवारलाई धन्यवाद व्यक्त समेत गर्नुभयो। कार्यक्रमको सभापतित्व ग्रहण गर्नुभएका विभागका उपमहानिर्देशक गजेन्द्रकुमार ठाकुरले मन्तव्यका क्रममा महानिर्देशक बिनोद बहादुर कुँवरको कार्यकालमा कर प्रणालीमा ऐतिहासिक सुधार भएको र उक्त योगदान सुनौलो अक्षरले लेखिनेछ भन्ने विचार व्यक्त गर्दै उहाँले दिनुभएको मार्गदर्शनलाई आन्तरिक राजस्व विभागले आत्मसाथ गर्ने विश्वास समेत दिलाउनु भयो।

बाँकी १ बाट क्रमश .....

## नवौं राष्ट्रिय कर दिवस

व्यवस्थापन महाशाखा प्रमुख रामेश्वर दंगाल, नेपाल राजस्व परामर्श समितिका अध्यक्ष महेश प्रसाद दाहाल, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग लगायत अर्थ मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरू, ठूला तथा मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासकहरूको समुपस्थितिमा भर्चुअल माध्यमबाट देशभरीका सम्पूर्ण आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयका प्रमुख एवं कर्मचारीहरू र निजीक्षेत्रका उद्योगी व्यवसायीहरूको छाता संगठनका अध्यक्ष एवं प्रतिनिधिहरूको समुपस्थितिमा नवौं राष्ट्रिय कर दिवस, २०७७ को समापन कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सचिव (राजस्व) रामशरण पुडासैनीले पुरस्कृत हुने कार्यालय तथा कर्मचारी र सम्मानित हुने करदातालाई बधाई दिदै कर प्रणालीको सुधारको निरन्तरता कायमै रहेको तथा "स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन: विकास, समृद्धि र सुशासन" भन्ने मूल नारालाई सार्थक बनाउनु पर्ने जिम्मेवारी हामी सबैको काँधमा रहेको उल्लेख गर्नुभयो। कर प्रशसनले निजी क्षेत्रको विश्वास वृद्धि हुने गरी काम गर्न समेत निर्देशन दिनु भयो। साथै कार्यक्रममा महालेखा नियन्त्रक मधु कुमार मरासिनीले कर प्रशासनलाई अझ वढी प्रविधि मैत्री बनाउदै चुहावट नियन्त्रण गरी राजस्व संकलनलाई दिगो बनाउनु पर्ने कुरा व्यक्त गर्नु भयो। कार्यक्रममा राजस्व महाशाखा प्रमुख रामेश्वर दंगालले राम्रो काम गर्ने र नगर्ने कर्मचारी बिच फरक व्यवहार गरिनु पर्ने आवश्यकता औंल्याउनु भयो। आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरले पुरस्कृत हुने कार्यालय तथा कर्मचारी र सम्मानित हुने करदातालाई बधाई दिदै देशको राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान वृद्धि भएको तथा कर परीक्षण र अनुसन्धानलाई गुणात्मक बनाउँदै लगिएको उल्लेख गर्नुभयो। साथै उहाँले कोभिड १९ ले राजस्व संकलनमा उल्लेख्य प्रभाव पारेको अवस्थामा समेत राजस्व संकलनमा निजी क्षेत्रको योगदानको

प्रशंसा गर्नु भयो ।

कार्यक्रममा निजी क्षेत्रका छाता संगठन तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठ, नेपाल उद्योग परिसंघका अध्यक्ष सतिस कुमार मोर र नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनका कार्यवहाक अध्यक्ष डम्बरदेव अर्यालले राजस्व संकलनका साथै निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न स्थायी रुपमा कर विवाद समाधान संयन्त्र निर्माण गर्न, साना तथा मझौला उद्योग लक्षित विशेष कार्यक्रम ल्याउन तथा कर प्रशासनलाई समेत पारदर्शी र जवाफदेही वनाउनु पर्नेमा जोड दिनु भयो। यसै अवसरमा आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूले आ.व. २०७६/०७७ को कार्य सम्पादन सम्झौता, वार्षिक राजस्व लक्ष्य तथा कार्य सम्पादन परिसूचक (Functional Indicators) का आधारमा गरेको उत्कृष्ट कार्य सम्पादनका आधारमा क्रमश: आन्तरिक राजस्व कार्यालय वाग्लुङ्ग, आन्तरिक राजस्व कार्यालय सिमरा, र आन्तरिक राजस्व कार्यालय धुलिखेललाई प्रथम, द्वितीय र तृतीय घोषणा गरियो। यसका साथै आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरू मध्ये आ.व. २०७६/०७७ मा उत्कृष्ट कार्य सम्पादन गर्ने १० जना कर्मचारीलाई पुरस्कृत गर्ने घोषणा समेत गरियो। विगतका वर्षहरूमा झैं यस वर्ष पनि आर्थिक वर्ष २०७५/०७६ को आय विवरणका आधारमा सवै भन्दा वढी आयकर तथा आ.व. २०७६/०७७ मा उत्कृष्ट कर सहभागिता जनाई सवै भन्दा वढी मू.अ.कर दाखिला गर्ने विभिन्न क्षेत्रका १५ करदातालाई सम्मान गर्ने घोषणा समेत गरियो।

मूल्य अभिबृद्धि कर लागू भएको दिन २०५४ मंसिर १ गतेलाई स्मरण गर्दै हरेक वर्ष मनाईने राष्ट्रिय कर दिवस तथा कर सप्ताहमा करदातालाई केन्द्रविन्दुमा राखी उनीहरूको अधिकतम कर सहभागिता बढाउने तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूसँगको सहकार्यमा रचनात्मक कार्यक्रमहरू संचालन गरिने र यी कार्यक्रमहरूबाट आम नागरिकमा कर सम्बन्धी जागरण अभिवृद्धि हुने, करको दायरा थप विस्तार हुने तथा गुणस्तरीय सेवाप्रवाह भई स्वेच्छिक कर सहभागिता अभिवृद्धि हुने भएकोले यस दिवसको विशेष महत्व रहेको छ। सेवा प्रवाहमा चुस्तता ल्याई करदातामा स्वत:स्फूर्त रुपमा कर कानूनको परिपालना गर्ने बानीको विकास गराउन कर दिवस तथा कर सप्ताहले अभिप्रेरित गर्नुका साथै निजी क्षेत्र र कर प्रशासनबीचको सहसम्बन्ध तथा सहकार्यलाई थप मजबुत बनाउदै लैजाने विश्वास गरिएको छ।

बाँकी १ बाट क्रमश .....

## राजस्व संकलनमा.........

संकलन भएको छ। मूल्य अभिवृद्धि करतर्फ रु.६६ अर्व ५६ करोड लक्ष्यमा रु.७४ अर्व ४५ करोड संकलन अर्थात लक्ष्यको ११२ प्रतिशत संकलन भएको छ। अन्त:शुल्कमा रु. ५८ अर्व लक्ष्यमा रु.५० अर्व ३१ करोड संकलन भई लक्ष्यको ८७ प्रतिशत प्रगति हासिल भएको छ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.९७ करोड लक्ष्यमा रु.२५ करोड संकलन भई लक्ष्यको तुलनामा २६ प्रतिशत संकलन भएको छ।

रु. हजारमा

| शीर्षक | गत आ.व.(२०७६/०७७) को यस अवधिसम्मको संकलन | आ.व.२०७७/७८ | | |
|---|---|---|---|---|
| | | फाल्गुन सम्मको लक्ष्य | फाल्गुन सम्मको संकलन (प्रगति) | प्रगति प्रतिशत |
| आयकर | ११६९२३४९८ | १०९१०४६९६ | १०७०६९५६० | ९८.१३ |
| बहालकर | २००६७०३ | २५१७६६४ | १७९३९३५ | ७१.२५ |
| ब्याजकर | १६०४८६८१ | १६५४००७९ | १६६७२८०४ | १००.८० |
| **जम्मा आयकर** | **१३४९७८८८२** | **१२८१६२४३९** | **१२५५३६२९९** | **९८** |
| मूल्य अभिवृद्धि कर | ७०८३८८२७ | ६६५६७२९४ | ७४४५१७२२ | १११.८४ |
| अन्त:शुल्क | ४८८७०२११ | ५८००३३५४ | ५०३१४७८९ | ८६.७४ |
| स्वास्थ्य सेवा शुल्क | १९४९५१३ | २०९९८९६ | ३०१३१६६ | १४३.४९ |
| शिक्षा सेवा शुल्क | ५०३६३२ | ९७१९१७ | २५२३१९ | २५.९६ |
| **जम्मा** | **२५७१३८८६६** | **२५५८०४९०१** | **२५३५६८२९६** | **९९.१३** |

# महानिर्देशकको स्वागत कार्यक्रम



नेपाल सरकारको निर्णयअनुसार यस विभागको महानिर्देशकमा सरुवा भई आनउनुभएका झक्कप्रसाद आचार्यले मिति २०७७/११/१० गते सोमबारका दिन पद बहाली गर्नुभयो। पद बहाली पश्चात विभागको सभाहलमा महानिर्देशक आचार्यको स्वागत कार्यक्रम आयोजना गरियो। उक्त कार्यक्रममा विभाग र उपत्यकास्थित कार्यालय प्रमुखहरूको भौतिक उपस्थिति तथा अन्य आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको भर्चुअल उपस्थिति रहेको थियो।

परिचयको कार्यक्रम पश्चात उप-महानिर्देशक गजेन्द्रकुमार ठाकुरले स्वागत मन्तव्यको क्रममा विभागले एक योग्य तथा कुशल प्रशासक पाएकोमा खुशी व्यक्त गर्नुभयो। मन्तव्यकै क्रममा महानिर्देशक झक्कप्रसाद आचार्यले स्वागत कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा सवैको सहयोगको अपेक्षा समेत गर्नुभयो।

राजस्वसँगै समग्र सुशासनको क्षेत्रमा सुधारको आवश्यकता रहेको र गुणस्तरीय तथा करदाता मैत्री सेवा प्रवाहमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनु भयो। विद्यमान जनशक्तिको उच्चतम् उपयोग गरी संगठनको लक्ष्य प्राप्ति गर्नुपर्ने भएकोले यस आ.व.को प्रगतिको समीक्षा गरी आगामी दिनमा कसरी राजस्व संकलनको लक्ष्य हासिल गरी अगाडि बढ्ने सोको कार्यदिशा समेत तय गरी पेश गर्न सम्पूर्ण शाखा प्रमुखहरूलाई निर्देशन दिनुभयो।

अन्तमा, आफूलाई महानिर्देशकको जिम्मेवारी प्रदान गर्ने नेपाल सरकार, अर्थमन्त्रालयको नेतृत्वलाई धन्यवाद दिँदै सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा आन्तरिक राजस्व विभाग परिवारको शुभकामनालाई कार्यरुप दिने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

# विभागको कार्यसम्पादनको मध्यावधि समीक्षा

मिति २०७७ फागुन २० र २१ गते यस विभाग र अन्तर्गतका कार्यालयहरू: ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय र ३९ वटा करदाता सेवा कार्यालयले चालु आर्थिक वर्षको ७ महिनामा सम्पादन गरेका स्वीकृत कार्यमूलक परिसूचक, करदाता सेवा प्रवाह तथा अन्य व्यवस्थापकीय कार्यका सम्बन्धमा मध्यावधि समीक्षा गरियो। उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनी, राजस्व व्यबस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगाल तथा उक्त महाशाखाका उपसचिव चण्डीप्रसाद घिमिरे, ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक बाबुराम गौतम, मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक अर्जुन भट्टराई लगायत उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृतहरूको भौतिक उपस्थिति तथा उपत्यका वाहिरका आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृतहरूको भर्चुअल उपस्थिति रहेको थियो। कार्यक्रममा विभाग र मातहत कार्यालयहरूको हालसम्मको कार्यप्रगतिको आधारमा चालु वर्षको संशोधित राजस्व लक्ष्य हासिल गर्ने बैकल्पिक कार्ययोजना तयार गर्ने, करदाता सेवालाई अझ करदातामैत्री र सेवामुखी बनाउने, राजस्व नीति तथा कार्यक्रममा समावेश भई सम्पन्न हुन नसकेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने, र कोभिड १९ ले अर्थतन्त्र तथा कर प्रणालीमा पारेको प्रभाव विश्लेषण गरी आगामी वर्षको राजस्व नीति, कार्यक्रम र करप्रणालीमा गर्नुपर्ने सुधार सम्बन्धी कार्यसूची निर्माण गर्नेतर्फ सघनरुपमा छलफल गरियो।



कार्यक्रममा यस विभागको चालु आर्थिक वर्ष २०७७/७८ को माघसम्मको असुली तथा समग्र कार्यगत सूचकहरूको प्रगतिको समीक्षात्मक प्रस्तुती अनुगमन तथा मूल्यांकङन शाखाका निर्देशक दुर्गादत्त भण्डारीले गर्नुभएको थियो। आयकर रु ११२ अर्ब ४३ करोड, मूल्य अभिबृद्धि कर रु ६५ अर्ब १२ करोड, अन्तशुल्क रु ४३ अर्ब ५८ करोड र शिक्षा सेवा शुल्क र अन्य रु २ अर्ब ८८ करोड गरी कुल २२४ अर्ब १ करोड राजस्व संकलन भएको र यो असुली चालु वर्षको यस अवधिसम्मको लक्ष्यको करिब ९५.९ प्रतिशत रहेको तथा गत आर्थिक वर्ष २०७६/७७ को यस अवधिसम्मको असुली २३३ अर्ब ७३ करोड भन्दा करिब ९ अर्ब ७२ करोड न्युन रहेको व्यहोरा प्रस्तुत गर्नुभयो।

उक्त कार्यक्रममा मन्तव्यको क्रममा सचिव (राजस्व) रामशरण पुडासैनीले राजस्व परिचालनको लागि नीतिगत मार्गदर्शन र प्रोत्साहन गर्दै प्रतिकूलताहरूको वावजुद हालसम्मको प्रगतिको लागि धन्यवाद दिनुका साथै आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिको बारेमा निर्देशन दिदै डिजिटल कारोवारलाई दायरामा ल्याउनु पर्ने, दर्ताको गुणस्तरमा सुधार गर्नुपर्ने, आन्तरिक पुनरावलोकन गर्दा देखिएका कैफियतमा कार्यालयलाई न्यायोचित तवरले प्रमाणको आधारमा कारवाही गर्नुपर्ने तथा अनुगमनलाई परिणाम उन्मुख बनाई विभागले कार्यालयलाई चलायमान बनाउनुपर्ने जस्ता विषयमा जोड दिनुभयो। यसरी नै मन्तव्यको क्रममा राजस्व व्यबस्थापन महाशाखाका सहसचिव रामेश्वर दंगालले enforcement मा जोड दिनुपर्ने, कार्यगत सूचकमा आवश्यकता अनुसार संशोधन गर्नु पर्ने तथा कार्यसंपादनलाई पुरस्कार तथा दण्डसंग Tie up गर्नुपर्ने विषयमा जोड दिनुभयो। मन्तव्यको कार्यक्रम पश्चात कार्यालयहरूको प्रस्तुती र विभागीय निर्देशनको कार्यक्रम भएको थियो। कार्यक्रमको समापन सत्रमा अर्थमन्त्रालयका राजस्व व्यबस्थापन महाशाखाका उपसचिव चण्डीप्रसाद घिमिरेले दुई दिनको प्रस्तुतीको समीक्षा गर्दै आगामी दिनमा लिनुपर्ने रणनीतिको वारेमा दिशानिर्देश गर्नुभयो। अन्तमा, विभागका महानिर्देशक झक्कप्रसाद आचार्यले २ दिनको कार्यक्रमको समीक्षा गर्दै विभागको राजस्व संकलन, सेवा प्रवाह र अन्य सूचकहरूमा औचित्यताको आधारमा परिमार्जन गरी कार्यान्वयन गर्न र समग्र लक्ष्य प्राप्तिमा केन्द्रित रहन निर्देशन दिदै कार्यक्रमको समापन गर्नुभयो।



# कार्यालयको अनुगमन सम्पन्न

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ४० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न तथा आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरूको कार्य सम्पादन स्तरलाई थप गुणस्तरीय, सेवाग्राहीमैत्री एवं प्रविधिमैत्री बनाउने उद्देश्यले आन्तरिक राजस्व बिभागले २०७७ कार्तिक देखि २०७७ फागुनसम्मको अवधिमा ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय लगायत २६ वटा आन्तरिक राजस्व कार्यालयहरूको चालू आ.व. २०७७/०७८ को कार्यसम्पादनको अनुगमन सम्पन्न गरेको छ। अनुगमनको क्रममा ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा अर्थ मन्त्रालयबाट सचिव (राजस्व) रामशरण पुडासैनी र राजस्व व्यवस्थापन महाशाखा प्रमुख रामेश्वर दंगाल तथा विभागका महानिर्देशकबाट कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरूलाई तोकिएको राजस्व असुली तथा कार्यमूलक परिसूचकहरूको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न, कर परीक्षण तथा अनुसन्धानको कार्यलाई थप गुणस्तरीय बनाउन, सेवाप्रवाहलाई छिटो, छरितो र थप प्रविधिमैत्री बनाउन र उच्च मनोवल, सदाचार र सुशासनमा जोड दिई कार्यसम्पादन गर्न निर्देशन दिईयो। अन्य आन्तरिक राजस्व कार्यालयहरूमा विभागका महानिर्देशक, अनुगमन तथा मूल्यांकन शाखाका निर्देशक लगायतको टिमद्वारा कार्यालयको अनुगमन सम्पन्न गरिएको छ।

# विविध विषयमा तालिम संचालन

आन्तरिक राजस्व प्रशासनको समग्र कार्यसम्पादन स्तरमा गुणस्तरीयता कायम गर्नका लागि कर्मचारीहरूको ज्ञान सीप र क्षमतामा अभिबृद्धि गर्न यस विभागको आ.व.२०७७/७८ को स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार विभिन्न मितिमा देहाय अनुसारका तालिमहरू संचालन गरिएको छ। भर्चुअल तथा विभागको सभाहलमा भौतिक उपस्थितिमा आन्तरिक र बाह्य प्रशिक्षकहरूले सहजीकरण गर्नु भएको उक्त तालिमहरूमा प्रमुख कर अधिकृत र कर अधिकृतहरू सहभागी हुनु भएको थियो।

| सि.नं. | तालिमको विषय | मिति | सहभागी संख्या | सहजकर्ता (आन्तरिक/ बाह्य) |
|---|---|---|---|---|
| १ | आधारभुत लेखा तथा कर परीक्षण सम्बन्धी तालिम | २०७७/०८/२४ र २५ तथा २०७७/१०/०८, ०९ र ११ गते दुई चरणमा | ६५ | मदन दहाल, देव नारायण पौडेल तथा बाह्य विज्ञ (चाटर्ड एकाउन्टेन्ट विवेक अधिकारी) |
| २ | पूँजीगत लाभकर सम्बन्धी तालिम | २०७७।१०।२० गते | २३ | मदन दहाल |
| ३ | विस्तृत कर अनुसन्धान सम्बन्धी तालिम | २०७७।११।२५ र २६ गते | २२ | बाबुराम गौतम, सुर्य पोखरेल, बोलराज आचार्य |

# स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७ जारी

आन्तरिक राजस्व विभागले मिति २०७७/०९/२८ को निर्णयानुसार स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७ जारी गरेको छ। गैर बासिन्दा व्यक्तिबाट हुने सीमापार कारोबारको आयको न्यायोचित करारोपणको लागि अन्तर्राष्ट्रिय रूपमा स्थायी संस्थापनको अवधारणा आएको हो। नेपालको आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) ले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थानको रूपमा "स्थायी संस्थापन" लाई परिभाषित गरेको छ। साथै कुन-कुन अवस्थाहरूमा नेपालमा व्यवसाय सञ्चालन गर्ने गैर बासिन्दा व्यक्ति तथा स्थान स्थायी संस्थापन हुने

भन्ने विषय समेत उक्त परिभाषामा समावेश गरिएको छ। प्रस्तुत निर्देशिकाले गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको स्थायी संस्थापनको पहिचान, दर्ता प्रकृया, आय विवरण दाखिला गर्ने र मुनाफाको रकम कसरी फिर्ता लैजाने भन्ने जस्ता विषयहरूमा थप स्पष्टता गरेको छ।

यस निर्देशिकामा व्यवसायको सञ्चालन स्थानकोरूपमा मुख्य गरी चार किसिमका स्थायी संस्थापनहरूः एजेन्सी स्थायी संस्थापन, व्यवसाय गर्ने स्थान संस्थापन, निर्माण र जडान सम्बन्धी स्थायी संस्थापन र सेवा प्रदान गर्ने स्थायी संस्थापनको सम्बन्धमा स्थायी संस्थापन निर्धारण गर्ने तरीका र कर लगाउने आधारहरूको व्याख्या गरिएको छ। यस बाहेक अमूर्त सम्पत्ति, उप-ठेक्का, संयुक्त उपक्रम, बहु स्थायी संस्थापन र विशेष अवस्थाहरूमा स्थायी संस्थापनको निर्धारणको सम्बन्धमा समेत निर्देशिकामा आवश्यक व्यवस्था र व्याख्या गरिएको छ।

नेपालमा विभिन्न गैरबासिन्दा व्यक्तिहरूले स्थायी संस्थापनको रूपमा दर्ता भई विभिन्न किसिमको व्यवसायिक कार्यहरू गरिरहेका छन्। विशेष गरी ठूला पूर्वाधार निर्माण, जडान, परामर्श जस्ता कार्यहरूमा यस्ता निकायहरूको संलग्नता बढी रहेको पाइन्छ। यस्तो प्रकृतिको कार्यमा संलग्न स्थायी संस्थापनको निर्धारण र पहिचान गर्न यस निर्देशिकाले थप सहयोग गर्ने अपेक्षा लिइएको छ। नेपालमा गैरबासिन्दा व्यक्तिले नेपालको बासिन्दा व्यक्तिलाई विभिन्न प्रकृतिका सेवाहरू कुनै एजेन्सी मार्फत् वा कुनै कर्मचारीको मार्फत् पनि आपूर्ति गरिरहेका हुन्छन्। विशेषगरी नेपालका बहुराष्ट्रिय कम्पनीहरूले विभिन्न प्रकृतिका सेवाहरू यस्ता गैरबासिन्दाहरूमार्फत लिने गरेको पाइन्छ। यस्ता सेवा प्रदायक गैरबासिन्दा व्यक्तिहरू आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) को व्यवस्था बमोजिम स्थायी संस्थापन हुने नहुने, यिनीहरूलाई कर लाग्ने/नलाग्ने लगायतका विषयमा आवश्यक मार्गदर्शन तथा कानूनी आधार समेत यस निर्देशिकाले प्रदान गर्दछ।

स्थायी संस्थापन सम्बन्धमा आयकर ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरूलाई सरलीकृत गरी करसम्बन्धी द्विविधाहरू निराकरण गर्ने, नेपालमा कारोबार गरेर पनि पहिचान नभई स्थायी संस्थापनको रूपमा करको दायरामा नआएका व्यक्तिहरूलाई समेत करको दायरामा ल्याउने र करको नयाँ आधार विस्तार गरी राजस्व अभिवृद्धि गर्ने लक्ष्य सहित विभागबाट जारी भएको प्रस्तुत निर्देशिकाको परिणाममूखी कार्यान्वयनको अपेक्षा गरिएको छ। यो स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७ सबैको जानकारीको लागि विभागको वेभसाईटमा समेत राखिएको छ।

# कर प्रणाली सुधारका गतिविधिहरू

करदाताले आयविवरण, करविवरण, अग्रिम करकट्टी विवरण पेश गर्दा र सो बमोजिमको कर भुक्तानी गरेपछि सो को "Proactive Disclosure" गरी छरितो ढंगले करदातालाई सुसूचित गर्न निम्न बमोजिमको प्रणालीगत सुधार गरी मिति २०७७/०९/१७ देखि कार्यान्वयन गरिएको छ।

१. आयकर तर्फ करदाताले पेश गर्ने डे.०१, डे.०२, डे.०३ र डे.०४ आयबिवरणको Verify भएपछि सोको जानकारी SMS मार्फत करदाताले प्राप्त गर्ने।
२. मूल्य अभिबृद्धि कर तर्फको कर बिवरण पेश भएपछि सो को जानकारी SMS मार्फत करदाताले प्राप्त गर्ने।
३. TDS बिवरण Verify भएपछि सोको जानकारी SMS मार्फत करदाताले प्राप्त गर्ने।
४. अन्तःशुल्क इजाजतपत्र जारी गर्दा वा नविकरण गर्दा (अनलाईन मार्फत) सोको जानकारी SMS मार्फत प्रदान गर्ने।
५. सबै किसिमको कर भुक्तानीको जानकारी SMS मार्फत प्रदान गर्ने।
६. रु.१०० भन्दा बढी रकमको TDS दाखिला भएमा सोको जानकारी सम्बन्धित करदाता (Withholdee) लाई SMS मार्फत प्रदान गर्ने।

# आन्तरिक राजस्व कार्यालय जोरपाटीको उद्घाटन




नवौं राष्ट्रिय कर दिवस २०७७ तथा कर सप्ताहको अवसरमा माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलबाट मिति २०७७/८/७ गते आइतबार आन्तरिक राजस्व कार्यालय जोरपाटीको औपचारिक रुपमा उद्घाटन सम्पन्न भयो। उक्त कार्यक्रममा सचिव (राजस्व) रामशरण पुडासैनी, विभागका उपमहानिर्देशक गजेन्द्र कुमार ठाकुर, अर्थ मन्त्रालयका उपसचिव रमेश अर्याल, आन्तरिक राजस्व कार्यालय चावहिलका प्रमुख कर अधिकृत हरि बस्याल लगायतको उपस्थिति रहेको थियो। समुदघाटन समारोहको अर्थमन्त्री पौडेलले ताम्रपत्र अनावरण गरी कार्यालयको उद्घाटन सहित कार्यक्रम शुभारम्भ गर्नु भयो। मन्तव्यका क्रममा अर्थमन्त्री पौडेलले बर्तमान स्वास्थ्य संकटको असहज अवस्थामा नयाँ कार्यालय भौतिक रूपमा स्थापना गरी सरकारको नीति तथा निर्णय कार्यान्वयन गरी सेवा प्रवाह शुरु गरेकोमा कार्यालय तथा विभागलाई धन्यबाद सहित बधाई दिनु भयो। करदातालाई नजिकबाट सहज तथा सरल रुपमा सेवा प्रवाह गर्न निर्देशन दिंदै र कार्यालयले आफूलाई तोकिएको राजस्व संकलन र कार्यगत लक्ष्य हासिल गर्नेमा आफू विश्वस्त रहेको बताउनु भयो। मन्तव्यको क्रममा अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनीले यस कार्यालयको कार्यक्षेत्रका करदातालाई कर सम्बन्धी सेवा लिन साविकमा चावहिलसम्म जानु पर्ने र एउटै कार्यालयमा करदाताको चाप धेरै हुँदा करदातालाई केही असहज भएको गुनासो स्मरण गराउँदै यस कार्यालयको स्थापनाले अव केहि सहजता हुने धारणा राख्नु भयो। कार्यक्रममा प्रमुख कर अधिकृत राजु प्रसाद प्याकुरेलले आन्तरिक राजस्व कार्यालय जोरपाटीको संक्षिप्त प्रस्तुति गर्नुभयो। प्रस्तुतीमा कार्यालय स्थापनाको कार्य प्रगति, हालसम्मको सेवा प्रवाहको अवस्था र कार्यगत प्रगति तथा राजस्व असुली एवं कार्यालयमा आइपरेका समस्या र चुनौतिहरूका साथै आगामी कार्यदिशा उल्लेख गरिएको थियो।

उद्घाटन समारोहको अध्यक्षता गर्नु भएका आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरले कोभिड १९ को कारणले सिर्जित स्वास्थ्य र सामाजिक असहजताका वीच यो कार्यालय स्थापना गरी सेवा आरम्भ गर्न सकेकोमा सन्तोष व्यक्त गर्दै कार्यालय स्थापनाको क्रममा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यबाद व्यक्त गर्नुभयो। शुरुवातबाटै चुस्त र सहज सेवा प्रवाह गरी करदाताको मन जित्ने गरी कार्य सम्पादन गर्न आग्रह गर्नु भयो। माननीय मन्त्रीज्यू र सचिवज्यूबाट भएको निर्देशन पालना गराउने प्रतिवद्धता जनाउदै उद्घाटन समारोहमा गरिमामय उपस्थितिको लागि सबैमा आभार र धन्यवाद प्रकट गर्दै कार्यक्रम समापन गर्नुभयो।

# नवौं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय बागलुङद्वारा विविध कार्यक्रम सम्पन्न




आन्तरिक राजस्व कार्यालय बागलुङले नवौं राष्ट्रिय कर दिवसको अवसरमा कार्यालयको कार्यक्षेत्र भित्रका विभिन्न स्थानमा आर्थिक ऐन, २०७७ ले दिएका छुट सुविधाका सम्बन्धमा २०७७ मंसिर ४, ५ र ६ गते क्रमश: पर्वत उद्योग वाणिज्य संघ पर्वत, म्याग्दी उद्योग वाणिज्य संघ म्याग्दी र बागलुङ उद्योग वाणिज्य संघ बागलुङमा करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। यसका साथै कर दिवसको अवसरमा २०७७ मंसिर ७ गते कार्यालय अन्तर्गतका उत्कृष्ट करदाता तथा कर्मचारीलाई सम्मानित गर्ने कार्यक्रमको आयोजना गरिएको र उक्त कार्यक्रममा उत्कृष्ट कर्मचारी तर्फ नायव सुब्बा श्री राजेन्द्र बहादुर परियारलाई पुरस्कृत गरिएको थियो भने उत्कृष्ट करदातामा ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड बागलुङ, नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड पर्वत, कुमारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, म्याग्दी र अमित बिल्डर्स मुस्ताङलाई सम्मानित गरिएको थियो।

# नवौं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय टंगालद्वारा विविध कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय टंगालले नवौं राष्ट्रिय कर दिवसको अवसरमा उत्कृष्ट कर्मचारी तथा करदातालाई सम्मान गर्ने कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रममा आ.व. २०७५/७६ मा सबै भन्दा बढी आयकर दाखिला गर्ने करदाता श्री सिवेक हस्पिटल प्रा.लि., का.म.न.पा.-२, काठमाडौं (स्थायी लेखा नं ५०००९५६९२) लाई सम्मानित गरिएको थियो। सोहि कार्यक्रममा कर प्रशासनमा रही उल्लेखनीय र प्रशंसनीय कार्य सम्पादन गरी उत्कृष्ट कर्मचारीमा छनौट हुनुभएका कम्प्यूटर अधिकृत श्री जितेन्द्र अमात्यलाई नगद तथा सम्मान-पत्र प्रदान गरिएको थियो।




नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व उप-समितिको सूचना

आगामी आर्थिक वर्ष २०७८/७९ को आर्थिक ऐन तथा बजेट तर्जुमाका सन्दर्भमा **आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क तथा समग्र कर प्रणाली सुधारका विषयमा नीतिगत र कानूनी सुधार, प्रक्रियागत सरलीकरण सम्बन्धी सुझावहरू** देहायका ठेगानामा मिति २०७७ फागुण मसान्तसम्ममा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ-संस्था, सरकारी निकाय, बुद्धिजीवीहरू एवं सरोकारवाला सबैमा आन्तरिक राजस्व उप-समिति हार्दिक अनुरोध गर्दछ।

सुझाव पठाउने ठेगाना:-
आन्तरिक राजस्व विभाग,
नीति विश्लेषण शाखा, लाजिम्पाट, काठमाडौं;
फ्याक्स: ४४११७८८, e–mail: policyird@ird .gov .np

# आन्तरिक राजस्व कार्यालय,दाङद्वारा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन



आन्तरिक राजस्व कार्यालय दाङले २०७७ साल पौष ३ गते पश्चिम रुकुम, पौष ४ गते पूर्वी रुकुम, पौष ५ गते सल्यान उद्योग वाणिज्य संघ र पौष १० गते रोल्पा उद्योग वाणिज्य संघको सभाहलमा र पौष ११ गते आयुष्मा होटल जुम्री प्यूठानमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

सम्वन्धित उद्योग वाणिज्य संघको अध्यक्षको अध्यक्षता र कार्यालयका प्रमुख कर अधिकृत श्री गोपी कृष्ण कोईरालाको प्रमुख आतिथ्यमा सञ्चालन भएको उक्त कार्यक्रममा उद्योग वाणिज्य संघका पदाधिकारीहरू, वस्तुगत संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू, विभिन्न करदाताहरू एवं संचारकर्मीको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा कार्यालयका कर अधिकृत श्री नारायण रिजालले आर्थिक ऐन, २०७७ ले प्रदान गरेका छुट सुविधाको सम्वन्धमा प्रशिक्षण दिनुभएको थियो।

कार्यक्रममा उद्योग वाणिज्य संघका पदाधिकारीहरूले मन्तव्य राख्दै यस्तो किसिमको करदाता शिक्षा कार्यक्रम निकै उपलब्धिमूलक तथा फलदायी भएको र यस्ता कार्यक्रमहरू आगामी दिनहरूमा समेत सघन रुपले संचालन गरी करदाताहरूलाई कर सम्वन्धी विषयहरूमा जानकारीमूलक प्रशिक्षणले कर सहभागिता बढाउन सहयोग पुग्ने धारणा राख्नु भएको थियो।

कार्यक्रममा प्रमुख कर अधिकृत श्री गोपी कृष्ण कोईरालाले आन्तरिक राजस्व कार्यालयमा करदाताहरूले गरेको कारोवारको सूचना, जानकारी तथा तथ्यांकहरू विभिन्न माध्यमबाट प्राप्त हुने प्रविधिको विकास गरिएकोले सम्पूर्ण करदाताहरूले पारदर्शी ढंगले कारोवार गर्न, कारोवारको अभिलेख व्यवस्थित रुपले राख्न र सोही वमोजिम समयमै कर विवरण र कर दाखिला गरी अनावश्यक जरिवाना, शूल्क तथा व्याजको भारबाट बच्न सुझाव दिनुभयो।

# नवौं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय पोखराद्वारा विविध कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व कार्यालय पोखराद्वारा मंसिर १ देखि ७ गते सम्म नवौं राष्ट्रिय कर दिवसको अवसरमा विभिन्न कार्यक्रमहरू आयोजना गरिएको थियो। उक्त अवधिमा लेखनाथ उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श पोखरासंग करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो भने पृथ्वीनारायण क्याम्पस पोखराको व्यवस्थापन संकायका प्राध्यापक एवं विद्यार्थीहरूसँग भर्चुअल माध्यमबाट अग्रिम करकट्टी लगायत करका समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। उक्त सप्ताहव्यापी कार्यक्रम अन्तर्गत मंसिर ७ गते आ.व. २०७५/०७६ मा सबैभन्दा वढी आयकर तिर्ने करदाता श्री सूर्योदय लघुवित्त वित्तीय संस्था लि. र श्री टेम्पल ट्रि रिसोर्ट प्रा.लि. लाई सम्मान गरिएको थियो। समापन तथा सम्मान कार्यक्रम गण्डकी प्रदेशका प्रमुख सचिव तथा आन्तरिक राजस्व विभागका पूर्व महानिर्देशक श्री विष्णु प्रसाद नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।



# आन्तरिक राजस्व विभाग

| Online सेवामार्फत करदाताले आफ्नो अन्त:शुल्क इजाजतपत्र आफै नविकरण गर्ने प्रक्रिया | |
|---|---|
| १ | https://ird.gov.np मा Log in गर्ने |
| २ | Taxpayer Portal मा Click गर्ने |
| ३ | Excise Menu भित्र Self Renew Permit मा Click गर्ने |
| ४ | आफ्नो PAN र इजाजतपत्र नम्बर राख्ने । |
| ५ | Register Button मा Click गर्ने। कुन कुन कारोबार गर्ने इजाजतपत्र लिएको छ र सोको लागि कति इजाजत दस्तुर लाग्दछ भन्ने सूचना देखिनेछ । |
| ६ | बैक छनौट गर्ने |
| ७ | Submit Button क्लिक गर्ने |
| ८ | Connect IPS मा गई दस्तुर भुक्तानी गर्ने |
| ९ | इजाजतपत्र प्रिन्ट गर्न Taxpayer Portal को General Menu भित्र Taxpayer Log in मा Click गर्ने |
| १० | PAN, User ID, Password राखी Log in गर्ने |
| ११ | KYT Form भर्न बाँकी भएमा सो फाराम भर्ने । सोको लागि KYT Link मा Click गर्ने |
| १२ | Print Excise Permit Menu मा गई इजाजतपत्र नम्बर राख्ने |
| १३ | Search Button क्लिक गर्ने |
| १४ | Print Icon मा Click गरी प्रिन्ट गर्ने |

# आन्तरिक राजस्व कार्यालय ललितपुरद्वारा गरिएको करदातासँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न



ललितपुर उद्योग वाणिज्य संघको समन्वयमा ललितपुरको प्रमुख व्यापारिक केन्द्र मंगलबजार ललितपुरमा आन्तरिक राजस्व कार्यालय ललितपुरले आन्तरिक राजस्व विभागका निर्देशक चुडामणी ढुङ्गाना तथा उद्योग वाणिज्य संघ ललितपुर एवं वस्तुगत संघका पदाधिकारीहरूको उपस्थितिमा मिति २०७७ मंसिर २६ गते कर छुट सुविधा सम्बन्धी विषयमा करदाताहरूसंग अन्तरक्रिया तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम संचालन गरिएको थियो। कोभिड १९ ले सिर्जना गरेको स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै उच्च सतर्कताका साथ सामाजिक दुरी कायम गरी उक्त कार्यक्रम संचालन गरिएको थियो। ललितपुर उद्योग वाणिज्य संघका पदाधिकारीहरूले करदाताहरूको घर आगनमै कर सम्बन्धी जानकारी प्राप्त हुँदा व्यवसायीहरूको तर्फबाट खुशी व्यक्त गर्दै उपस्थित सबै सहभागीहरूलाई समयमै कर तिरी शुल्क र ब्याजबाट बच्न समेत अनुरोध गर्नुभएको थियो। कार्यालयको तर्फबाट कर अधिकृत श्री तिलक बहादुर थापाले आर्थिक ऐन, २०७७ ले प्रदान गरेका छुट सुविधाहरूको बारेमा जानकारी दिनुभएको थियो। यसैगरी आन्तरिक राजस्व विभागका निर्देशक चुडामणी ढुङ्गानाले विभागले ITS प्रणालीमा गरेका सुधारको विषयमा करदाताहरूलाई जानकारी गराउनु भएको थियो। कार्यक्रममा उत्कृष्ट करदाता श्री भेगा फर्मास्युटिकल्स प्रा.लि (स्थाई लेखा नं ६००५७३४३४) लाई सम्मानित गरिएको थियो।

कार्यक्रमको अन्त्यमा प्रमुख कर अधिकृत श्री जीवन कुमार घिमिरेले आर्थिक ऐन, २०७७ ले प्रदान गरेको छुट सुविधाहरूको अधिकतम उपयोग गरी आफ्नो व्यापार व्यवसाय संचालन गर्नुहुन तथा आफुले तिर्नु बुझाउनु पर्ने कर समयमै तिरी शुल्क तथा ब्याजबाट बच्न समेत अनुरोध गर्नुभएको थियो।

# आन्तरिक राजस्व कार्यालय कलंकीद्वारा अवैध घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरिएको



आन्तरिक राजस्व कार्यालय कलंकीले २०७७/०८/१० गते नायब सुब्बा श्री रन बहादुर बुढा, महानगरीय प्रहरी वृत्त, स्वयम्भु र स्थानीय जनप्रतिनिधिको समन्वयमा नागार्जुन नगरपालिका वडा नं. ०२, लामठुन्कीमा बजार अनुगमनका क्रममा फेला परेको अवैध घरेलु मदिरा (करिब २००० लिटर) नष्ट गरिएको तथा अवैध मदिरा उत्पादनमा प्रयोग हुने घरेलु सामाग्रीहरू जफत गरी नियन्त्रणमा लिइएको थियो। साथै त्यहाँ स्थित स्थानीय बासीहरूलाई घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण कार्य कानुनी रुपमा वर्जित भएकोले त्यस्तो कार्य नगर्न र कसैले गरेको थाहा पाएमा नजिकको प्रहरी कार्यलय तथा आन्तरिक राजस्व कार्यालयमा जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध समेत गरियो।

# आन्तरिक राजस्व कार्यालय भद्रपुरद्वारा कर शिविर तथा करदाता शिक्षा कार्यक्रम सम्पन्न

आन्तरिक राजस्व कार्यालय भद्रपुरको आयोजना तथा मेची चेम्बर अफ कमर्सको सहयोगमा २०७७ माघ २६ गते धुलावारीमा करदाता शिक्षा तथा अन्तरक्रिया र कर घुम्ती शिविर सञ्चालन भएको थियो। ७० जना भन्दा बढीको उपस्थिति उक्त कार्यक्रममा महिला उद्यमीहरूको समेत उल्लेख्य सहभागीता रहेको थियो। सो कार्यक्रममा कर अधिकृत श्री निराज पोखेलले करदाता शिक्षा कार्यक्रमको सञ्चालन गर्दै आर्थिक विधयेक, २०७७ ले ल्याएका नयाँ सुविधा र छुटका बारेमा प्रष्ट पार्नु भएको थियो। उक्त अवसरमा मेचीनगरको धुलाबारी आसपासका ३३ वटा व्यवसायिक फर्महरूको स्थायी लेखा नं. दर्ता गरी करदाताहरूलाई वितरण समेत गरिएको थियो। कार्यक्रममा आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत तथा कर अधिकृतहरूले स्थायी लेखा नं. दर्ता, आयकर, मूल्य अभिवद्धि कर तथा



अन्तःशुल्क सम्बन्धी विषय तथा कानूनी व्यवस्थाका बारेमा सहभागीहरूलाई प्रशिक्षण गर्नु भएको थियो। सोही बखत नेपाल बैंक लिमिटेड धुलाबारी शाखामा कर दाखिला काउण्टरको सुरुवात गरिएको थियो।





"कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।"

# करदाता सेवा कार्यालय सन्धिखर्कद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन




करदाता सेवा कार्यालय सन्धिखर्कले २०७७ माघ र फाल्गुण महिनामा ५ वटा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेको छ। माघ १७ गते अर्घाखाँची उद्योग वाणिज्य संघ र अर्घाखाँची चेम्बर अफ कमर्स सँगको सहकार्यमा सन्धिखर्क बजारमा आर्थिक ऐन, २०७७ ले उपलब्ध गराएका छूट सुविधाहरू र कर कानून सम्बन्धी आधारभूत जानकारी विषयक करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो। अर्घाखाँची चेम्बर अफ कमर्स तथा अर्घाखाँची उद्योग वाणिज्य संघका अध्यक्ष सम्मिलित उक्त कार्यक्रममा ९३ जना उद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो। करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमको सहजीकरण कर अधिकृत लक्ष्मी प्रसाद उपाध्यायले गर्नु भएको थियो। यसै गरी दोश्रो करदाता शिक्षा कार्यक्रम फाल्गुण ८ गते शितगंगा उद्योग वाणिज्य संघसँगको समन्वयमा शितगंगा-२, अमराई, अर्घाखाँचीमा अवस्थित शितगंगा उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरियो। शितगंगा उद्योग वाणिज्य संघका अध्यक्ष चिन्ताराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उक्त क्षेत्रका ७२ जना उद्योगी व्यवसायीहरूको सहभागीता रहेको थियो। फाल्गुण २२ गते वाणिज्य संजाल मालारानीको संयोजनमा मालारानी- ३, खनदहमा अवस्थित आदर्श मा.वि.मा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो।६४ जनाको उपस्थिति रहेको उक्त कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत रमेश पन्थी, वाणिज्य संजाल मालारानीका अध्यक्ष र मालारानी गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र मालारानी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न भएको थियो। फाल्गुण २४ गते भूमिकास्थान नगर चेम्बर अफ कमर्ससँगको समन्वय र सहकार्यमा भुमिकास्थान नगरपालिकाको कार्यालयको सभाहल नुवाकोट, अर्घाखाँचीमा चौथो करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। भुमिकास्थान नगर चेम्बर अफ कमर्शका अध्यक्ष प्रेम थापाको अध्यक्षतामा संचालित कार्यक्रममा ४३ जना व्यवसायीहरूको सहभागिता रहेको थियो। फाल्गुण २९ गते सन्धिखर्क नगरपालिकासँगको समन्वयमा सन्धिखर्क बजारमा वृहत करदाता शिक्षा कार्यक्रम सम्पन्न गरेको छ। सन्धिखर्क नगरपालिकाले कर सहभागिता अभियान, २०७७/०७८ को

शुभारम्भ गर्न आयोजना गरेको उक्त कार्यक्रम सन्धिखर्क नगरपालिकाका उप-प्रमुख एवम् राजस्व परामर्श समितिका संयोजक ठाकुर कुमार वि.क.को अध्यक्षता र नगरप्रमुख कमल प्रसाद भुसालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सन्धिखर्क नगरपालिकाका १२ वटै वडाका वडा अध्यक्षहरू, नगरसभाका सदस्यहरू, नगरपालिका मातहतका कर्मचारीहरू, अर्घाखाँची उद्योग वाणिज्य संघ, अर्घाखाँची चेम्बर अफ कमर्स, निर्माण व्यवसायी संघ, विभिन्न वस्तुगत संघ/संगठनहरूका प्रमुख एवं प्रतिनिधीहरू, क्याम्पस प्रमुखहरू, विद्यालयका प्रधानाध्यापकहरू र उद्योगी व्यवसायीहरू समेतको उपस्थिति रहेको कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सापकोटाले नगरपालिकाले संकलन गर्ने करको विषयमा प्रशिक्षण दिनु भएको थियो भने करदाता सेवा कार्यालय सन्धिखर्कका कर अधिकृत लक्ष्मी प्रसाद उपाध्यायले संघ, प्रदेश र स्थानीय तहको कर सम्बन्धी अधिकारको सूची, आन्तरिक राजस्व विभाग मातहतका कार्यालयहरूले संकलन गर्ने करको प्रकृति, आयकर, मू.अ.कर र अन्तःशुल्कमा दर्ता र दर्ता पश्चात करदाताका दायित्वहरूको विषयमा प्रशिक्षण दिनु भएको थियो।

# आन्तरिक राजस्व कार्यालय भरतपुरद्धारा अन्तरक्रिया कार्यक्रम सम्पन्न




आन्तरिक राजस्व कार्यालय भरतपुर तथा आन्तरिक राजस्व कार्यालय कावासोतीको संयुक्त आयोजनामा फागुन २ गते कर प्रणालीमा भएका सुधार एंव आर्थिक ऐन, २०७७ ले प्रदान गरेका कर छुट तथा सुविधा सम्बन्धी विषयमा भरतपुर चितवनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा विभागका उपमहानिर्देशकहरू गजेन्द्र कुमार ठाकुर र मुक्ति प्रसाद पाण्डे, प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराई तथा उद्योग वाणिज्य संघका पदाधिकारीहरू समेतको समुपस्थिति रहेको थियो। उद्योग संघ चितवन, उद्योग वाणिज्य संघ चितवन लगायत चितवन जिल्लाका पालिकास्तरीय उद्योग वाणिज्य संघ, कावासोती उद्योग वाणिज्य संघ लगायत नवलपरासी (सुस्ता पूर्व) जिल्लाका पालिकास्तरीय उद्योग वाणिज्य संघका पदाधिकारी लगायत वस्तुगत संघका पदाधिकारीहरू, चितवन चेम्बर अफ कमर्स, नेपाल चाटर्ड एकाउन्टेन्ड, नेपाल अडिटर एसोशिएसन, कर सहयोगी श्रमिक संगठन, सरकारी कार्यालयका कार्यालय प्रमुखहरू र उद्योगी तथा व्यवसायीहरू लगायत विभिन्न सरोकारवाला गरी करिब ३०० जनाको सहभागीता रहेको उक्त कार्यक्रमको शुभारम्भ विभागका उपमहानिर्देशक गजेन्द्र कुमार ठाकुरले ब्यानर वाचन गरी गर्नु भएको थियो।

कार्यक्रममा आर्थिक ऐन, २०७७ ले प्रदान गरेका कर छुट सुविधाको विषयमा आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत घनश्याम पन्थीले प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा मन्तव्यको क्रममा प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्टराईले दर्ता नभएर पनि कारोबार भएको सुनिन्छ। दर्ता हुनुपर्ने बिषय थाहा भएन, बिल जारी गरिन भन्न पाउनुहुन्न कुनै दिन यसले तपाईलाई समस्या पार्न सक्छ र त्यसको भागीदार तपाई स्वयं हुनुपर्ने तथा जसले राम्रो काम गर्छ, उसले मात्र प्रश्न राख्ने हैसियत राख्छ भन्ने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले व्यवसायको क्रममा भोगेको समस्या लगायतका विषयमा जिज्ञासा तथा सुझाव राखेका थिए। जिज्ञासाको क्रममा उद्योग व्यवसाय दर्ता गर्ने प्रकृया जटिल छ यसलाई कसरी सहजीकरण गर्ने भनी जिज्ञासा उठेको साथै रोजगार सृजना गर्ने व्यवसायीहरूलाई भन्सारमा सहजीकरण गर्नुपर्दछ भनी सुझाव प्राप्त भएको थियो। त्यस्तै उद्योगी व्यवसायीहरू करको दायरामा आउन र कर तिर्न आतुर रहेको तर त्यसको लागि राज्यले उचित वातावरण सृजना गर्नुपर्ने विषय पनि उठान भएको थियो। सुझावको क्रममा राज्यले उत्पादनमुखी उद्योगलाई राजस्वमा विशेष सुविधाको प्याकेज ल्याउनुपर्नेमा विशेष ध्यान दिनुपर्ने भनी करिब २५ जना सहभागीहरूले राखेको जिज्ञासाको जवाफमा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक मुक्ति प्रसाद पाण्डेले प्राप्त भएको सुझावलाई सघन रुपमा छलफल गरी अगाडि बढनु पर्नेमा जोड दिनुभयो।

अन्त्यमा, अन्तरक्रिया कार्यक्रमका सहभागीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दै विभागका उपमहानिर्देशक गजेन्द्र कुमार ठाकुरले कोरोनाको महामारी विच राज्यलाई कर तिरेर सहयोग गर्नुभएको सबै उद्योगी व्यवसायीप्रति आभार प्रकट गर्दै कर प्रणालीमा भएका कमी कमजोरीको विषयमा घनिभूत छलफल गरी अझ प्रक्रियागत र कार्यगत सरलीकरण गर्दै अगाडि बढन सकिने विचार व्यक्त गर्नुभयो।

## आन्तरिक राजस्व कार्यालय, ठमेलद्वारा करदाता शिक्षा कार्यक्रम सम्पन्न



आन्तरिक राजस्व कार्यालय, ठमेलले नेपाल औषधी थोक व्यवसायी संघको समन्वयमा काठमाण्डौ महानगरपालिका वडा नं. १७, १८, २५ र २७ भित्र थोक व्यवसाय गर्दै आएका औषधि व्यवसायीहरूको सहभागितामा माघ ९ गते करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। गोकर्ण हाउस इभेन्ट म्यानेजमेन्ट पकनाजोलको सभा हलमा सञ्चालित ऊक्त कार्यक्रममा कार्यालयका प्रमुख कर अधिकृत श्री मोहन सिंह बस्नेतले आर्थिक ऐन, २०७७ ले दिएका छुट तथा सुविधा, कर प्रशासन दर्ता देखि खारेजीसम्मको प्रक्रिया, करदाता पोर्टल प्रयोग गर्ने तरिका, कर विवरण




डे (१), डे (२) बुझाउने तरिका, जस्ता विषयमा प्रस्तुतीकरण गर्दै कर सम्बन्धी विविध विषयमा करदाताबाट उठेका जिज्ञासाहरूको सम्बोधन समेत गर्नुभयो। नेपाल औषधी थोक व्यवसायी संघका कार्यवाहक अध्यक्ष शिवराज बास्कोटाले कर पालना गर्दै व्यवसाय सञ्चालन गर्नु पर्ने र व्यवसायीका समस्या समाधानका लागि आन्तरिक राजस्व कार्यालयको सहयोगको अपेक्षा रहेको उल्लेख गर्नु भयो। करदाता तथा करदाताका प्रतिनिधिहरूको उल्लेख्य संख्यामा सहभागिता रहेको उक्त कार्यक्रममा काठमाण्डौ महानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष श्री नवीन मानन्धरले कर राजस्व सम्बन्धी आफ्नो धारणा राख्नु भएको थियो।

# करदाता सेवा कार्यालय गौरको कार्यालय भवन निर्माण सम्पन्न

रौतहट जिल्ला गौर नगरपालिका वडा नं २ महादेवपट्टी स्थित मुख्य बजारमा अवस्थित करदाता सेवा कार्यालय गौरको कार्यक्षेत्र रौतहट जिल्लाको गौर, बोधीमाई, देवीहीन, मौलापुर, ईशनाथ, पहोरा, राजपुर र राजदेवी नगरपालिकाका साथै दुर्गा भगवती र यमुनामाई गाउँपालिका रहेका छन्। ९५८३ करदाता रहेको उक्त कार्यालयको भवन रु ३ करोड ११ लाख लागतमा आन्तरिक राजस्व कार्यालय सिमराले मिति २०७२ वैशाखमा निर्माण कार्य शुरु गरी २०७७ पौष मसान्तमा कार्यालय भवन निर्माण सम्पन्न गरेको छ।




संरक्षक
झक्कप्रसाद आचार्य

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
Website: www.ird.gov.np

सल्लाहकार
मुक्ति प्रसाद पाण्डे
आनन्द काफ्ले
रमेश शर्मा पौडेल
शम्भुप्रसाद मरासिनी

सम्पादन समूह
लक्ष्मी पराजुली
हरिप्रसाद ज्ञवाली
नारायण प्रसाद उपाध्याय
हरि प्रसाद भण्डारी
राजेश पण्डित
रुपेशजंग थापमगर
टीका उपाध्याय